# त्रिभुवन विश्वविद्यालय
# सम्बन्धनसम्बन्धी विनियम, २०७३

**पारित मिति** : २०७३/५/७
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ७६५)

**संशोधन**
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७३/९/११ को बैठकको निर्णय नं. ९७६
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७३/१०/२६ को बैठकको निर्णय नं. १०८१
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/१/६ को बैठकको निर्णय नं. १२००
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/४/१२ को बैठकको निर्णय नं. १३८५
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/११/१६ को बैठकको निर्णय नं. १७६१
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५/५/१० को बैठकको निर्णय नं. २०७५

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**
**२०८०**

# त्रिभुवन विश्वविद्यालय
# सम्बन्धनसम्बन्धी विनियम, २०७३

**प्रस्तावना**

देशलाई आवश्यक पर्ने प्राविधिक तथा अप्राविधिक गुणस्तरीय दक्ष जनशक्ति उत्पादन गर्दै आएको त्रिभुवन विश्वविद्यालयबाट निजी तथा सामुदायिक रूपमा क्याम्पस सञ्चालनको लागि सम्बन्धन लिई निजी तथा सामुदायिक रूपमा क्याम्पस सञ्चालन भए तापनि सम्बन्धन प्राप्त क्याम्पस सञ्चालन सम्बन्धी नीतिको आवश्यकता महशुस गरी हाले विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालय महाविद्यालय सम्बन्धी नीति २०७३ जारी गरेकोले उक्त नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न र विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को विभिन्न परिच्छेदमा रहेका नियमहरूको प्रभावकारी कार्यान्वयन गर्न विनियम बनाई लागू गर्न बाञ्छनीय भएकोले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम १३३(२) र ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले यो विनियम बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो विनियमको नाम “त्रिभुवन विश्वविद्यालय सम्बन्धनसम्बन्धी विनियम,२०७३” रहेको छ ।

(२) यो विनियम कार्यकारी परिषद्ले स्वीकृत गरेको मितिदेखि लागूहुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा–

(क) “ऐन” भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनु पर्दछ ।

(ख) “नियम” भन्नाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० सम्झनु पर्दछ ।

(ग) “विनियम” भन्नाले त्रिभुवन विश्वविद्यालय सम्बन्धनसम्बन्धी विनियम, २०७३ सम्झनु पर्दछ ।

(घ) “विश्वविद्यालय” भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्दछ ।

(ङ) “कार्यकारी परिषद्” भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम गठित कार्यकारी परिषद् सम्झनु पर्दछ ।

(च) “अध्ययन संस्थान” भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न अध्ययन संस्थानहरू सम्झनु पर्दछ ।

(छ) “सङ्काय” भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न सङ्कायहरू सम्झनु पर्दछ ।

(ज) "विद्यापरिषद्" भन्नाले अध्ययन संस्थान वा सङ्कायहरूको विद्यापरिषद् सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले यस कार्यविधिमा गठन भएको समिति सम्झनु पर्दछ ।

(ञ) "डीन" भन्नाले अध्ययन संस्थान वा सङ्काय डीन सम्झनु पर्दछ ।

(ट) "निर्देशनालय" भन्नाले त्रिभुवन विश्वविद्यालयको सम्बन्धननिर्देशनालय सम्झनु पर्दछ ।

(ठ) "निर्देशक" भन्नाले त्रि.वि.सम्बन्धननिर्देशनालयको निर्देशक सम्झनु पर्दछ ।

(ड) "क्याम्पस" भन्नाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पससम्झनु पर्दछ ।

(ढ) "क्याम्पस प्रमुख" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसका प्रमुख वा प्राचार्य सम्झनु पर्दछ ।

(ण) "सञ्चालक समिति" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसहरूको सञ्चालक समिति सम्झनु पर्दछ ।

(त) "छनौट समिति" भन्नाले नियम २५ अनुसार गठित स्तर निर्धारण तथा छनौट समितिसम्झनु पर्दछ ।

(थ) "विद्यार्थी" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसहरूमा सञ्चालित निश्चित शैक्षिक कार्यक्रमहरूमा अध्ययनरत विद्यार्थीहरूसम्झनु पर्दछ ।

(द) "विधान" भन्नाले सम्बन्धन प्राप्त निजी तथा सामुदायिक क्याम्पस सञ्चालन गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयद्वारा स्वीकृत विधान सम्झनु पर्दछ ।

(ध) "नियमावली" भन्नाले सम्बन्धन प्राप्त निजी तथा सामुदायिक क्याम्पस सञ्चालन गर्ने उद्देश्यले विधानअन्तर्गत रही जारी गरिएको नियमावली सम्झनु पर्दछ ।

(न) "प्रबन्धपत्र तथा नियमावली" भन्नाले प्रचलित कानुनबमोजिम कम्पनी वा संस्थाको रूपमा दर्ता भई सम्बन्धित निकायबाट स्वीकृत प्रबन्धपत्र तथा नियमावलीलाई सम्झनु पर्दछ ।

(प) "सङ्गठित संस्था" भन्नाले प्रचलित नेपाल कानुनबमोजिम अधिकार प्राप्त निकायमा सङ्गठित संस्थाको रूपमा दर्ता भएको वा प्रचलित कानुनबमोजिम मान्यता प्राप्त सङ्गठित संस्थालाई सम्झनु पर्दछ ।

(फ) "सामुदायिक क्याम्पस" भन्नाले यस विनियमको १७(१) बमोजिम स्थापित क्याम्पस सम्झनु पर्दछ ।

(ब) "निजी क्याम्पस" भन्नाले यस विनियमको १७(२) बमोजिम स्थापित क्याम्पस सम्झनु पर्दछ ।

(भ) "विदेशी शैक्षिक संस्थाबाट सञ्चालित क्याम्पस" भन्नाले यस विनियमको १७(३) बमोजिम स्थापित क्याम्पस सम्झनु पर्दछ ।

(म) "प्राविधिक तथा अप्राविधिक क्याम्पस" भन्नाले विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को परिच्छेद ८७ को नियम ३७७(क) मा उल्लेखित विज्ञान तथा प्रविधि अध्ययन संस्थान नियम ३७७(ख) मा उल्लेखित चिकित्साशास्त्रअध्ययन संस्थान, इन्जिनियरिङ्ग

अध्ययन संस्थान, कृषि तथा पशु विज्ञान र वन विज्ञान अध्ययन संस्थानअन्तर्गतका विषयहरू सञ्चालन गर्ने क्याम्पसहरूर नेपाल सरकार तथा त्रिभुवन विश्वविद्यालयले प्राविधिक विषय भनी तोकेका विषयहरू सञ्चालन गर्ने क्याम्पसहरूलाई प्राविधिक र सो बाहेक अन्य विषयहरू सञ्चालन गर्ने क्याम्पसहरूलाई अप्राविधिक क्याम्पस सम्झनु पर्दछ ।

## परिच्छेद २

## सम्बन्धन समिति

३. **सम्बन्धन समिति :** (१) त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ तथा विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को परिच्छेद ८७ को नियम ३७७ बमोजिम सम्बधन दिँदा भौगोलिक, प्रादेशिक र क्षेत्रीय आधारमा नयाँ सम्बन्धन वा कार्यक्रम विस्तार गर्ने बारेमा अध्ययन गरी कार्यकारी परिषद् समक्ष प्रतिवेदन पेश गर्न देहायअनुसारको सम्बन्धन समिति गठन हुनेछ :

(क) शिक्षाध्यक्ष - अध्यक्ष

(ख) रजिष्ट्रार - सदस्य

(ग)[1] सम्बन्धित अध्ययन संस्थान/सङ्कायका डीन - सदस्य

(घ) विश्वविद्यालयको प्राध्यापक मध्ये एक जना - सदस्य

(ङ) निर्देशक, सम्बन्धन निर्देशनालय - सदस्य सचिव

(२) नियम (३) को उपनियम (१) को खण्ड (ग) बमोजिमको सदस्यको मनोनयन उपकुलपतिबाट हुनेछ र त्यसरी मनोनयन भएका सदस्यको पदावधि तिन वर्षकोहुनेछ ।

४. **सम्बन्धन समितिको काम, कर्तव्य र अधिकार** : सम्बन्धन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) निजीतथासामुदायिक स्तरमा सञ्चालन हुने क्याम्पसहरूको सम्बन्धन तथा कार्यक्रम विस्तार गर्ने सम्बन्धमा अध्ययन गरीराय सुझावसहितको प्रतिवेदन कार्यकारी परिषद् समक्ष पेश गर्ने ।

(ख) निजी तथा सामुदायिकस्तरमा सञ्चालित क्याम्पसहरूमा भर्ना हुने विद्यार्थीले बुझाउने शुल्कको सम्बन्धमा सम्बन्धित अध्ययन संस्थान/सङ्कायको विद्यापरिषद्को क्षेत्रगत तथा विषयगतसिफारिसकाआधारमाशुल्क निर्धारणको प्रस्ताव तयार गरी कार्यकारी परिषद् समक्ष पेश गर्ने ।

---

[1] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७३/१०/२६ को बैठकबाट संशोधन

(ग) यस विनियमको अनुसूची १ मा उल्लेखित पूर्वाधार र मापदण्ड (नर्म्स एण्ड स्टाण्डर्ड) परिवर्तन गर्नु परेमा सम्बन्धित अध्ययन संस्थान/सङ्कायको सिफारिसका आधारमा प्रस्ताव तयार गरी कार्यकारी परिषद्मा पेश गर्ने ।

(घ) निजी तथा सामुदायिकस्तरमा सञ्चालित प्राविधिक र अप्राविधिक क्याम्पसहरूको वर्गीकरण र स्तर निर्धारण सम्बन्धमा सम्बन्धित डीन कार्यालयसँग समन्वय गरी गर्ने ।

(ङ) विश्वविद्यालयको सम्बन्धन सम्बन्धी नीति, नियम परिमार्जन वा संशोधन गर्न आवश्यक देखिएमा संशोधनको प्रस्ताव तयार गरी कार्यकारी परिषद् समक्ष पेश गर्ने ।

(च) सम्बन्धनका सम्बन्धमासम्बन्धन सम्बन्धी नीतिको प्रत्येक दुई दुई वर्षमा पुनरावलोकन गर्ने ।

(छ) सम्बन्धन सम्बन्धी योजना तर्जुमा गरी स्वीकृतिको लागि कार्यकारी परिषद् समक्ष पेश गर्ने ।

(ज) सम्बन्धन निर्देशनालयबाट सिफारिस भई आएका नयाँ सम्बन्धन/थप कार्यक्रम/ धरौटी सम्बन्धी लगायतका प्रस्ताव कार्यकारी परिषद् समक्ष पेश गर्ने ।

(झ) सम्बन्धन व्यवस्थापन निर्देशनालयले सम्बन्धन तथा कार्यक्रम थपका लागि सिफारिस गरी पठाएका आवेदनहरूस्वीकृतिका लागि कार्यकारी परिषद्मा पेश गर्ने ।

(ञ) विश्वविद्यालयकार्यकारी परिषद्को निर्देशन अनुसार अन्य कार्य गर्ने गराउने ।

**५. समितिको बैठक :** (१) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(२) अध्यक्ष र सदस्यले बैठकमा भाग लिए बापतविश्वविद्यालय नियमानुसार बैठक भत्ता पाउनेछन् ।

(३) समितिको निर्णयबहुमतको आधारमा हुनेछ ।

## परिच्छेद ३

## सम्बन्धन व्यवस्थापन निर्देशनालय

**६. सम्बन्धन व्यवस्थापन निर्देशनालयको गठन :** विश्वविद्यालयको सम्बन्धन सम्बन्धी व्यवस्था लगायतका काम कारबाही गर्नको लागि विश्वविद्यालय केन्द्रीय कार्यालयअन्तर्गत एक सम्बन्धनव्यवस्थापन निर्देशनालय रहनेछ

**७. निर्देशक तथा उपनिर्देशकसम्बन्धी व्यवस्था :** (१) सम्बन्धनव्यवस्थापन निर्देशनालयमा पुरा समय काम गर्ने गरी एक निर्देशक र आवश्यक्तानुसार उपनिर्देशक रहनेछन् ।

(२) निर्देशक तथा उपनिर्देशकको नियुक्ति कार्यकारी परिषद्ले गर्नेछ ।

(३) निर्देशक तथा उपनिर्देशकको नियुक्तिका लागि सिफारिस गर्न उपकुलपतिले एक जना प्राध्यापक संयोजक र दुई जना सह प्राध्यापक सदस्य रहेको तिन सदस्यीय समिति गठन गर्नेछ र त्यसरी गठित

समितिको सिफारिशमा कार्यकारी परिषद्ले निर्देशक तथा उपनिर्देशकको नियुक्ति गर्नेछ । गठित समितिले निर्देशकको नियुक्तिको लागि तिन जनाको नाम र उपनिर्देशकको लागि एक/तिनको अनुपातले सिफारिश गर्नु पर्नेछ ।

(४) निर्देशकतथा उपनिर्देशकको पदावधि ४ वर्षको हुनेछ ।

(५)[२] निर्देशक पदमा नियुक्त हुनका लागि कम्तीमा सहप्राध्यापक तथा उपनिर्देशकको पदमा नियुक्त हुनका लागि कम्तीमा विश्वविद्यालयको बहालवाला स्थायी उपप्राध्यापक हुनुपर्नेछ ।

(६) दुई पटकभन्दा बढी पदावधिका लागि एउटै व्यक्ति उपरोक्तबमोजिमको पदमा नियुक्ति हुनेछैन ।

(७) निर्देशककोसेवा तथा सुविधा योजना निर्देशनालयको निर्देशक सरह हुनेछ । उप निर्देशकको सेवा तथा सुविधा कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

८. **निर्देशकको काम, कर्तव्य र अधिकार :** निर्देशकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित डीन कार्यालयसँग समन्वय गरी सम्बन्धन सम्बन्धी अन्य आधार तथा शर्तहरूनिर्धारण गरी सम्बन्धन समितिमा सिफारिश गर्ने,

(ख) नयाँ क्याम्पस सम्बन्धन तथा कार्यक्रम थपको लागि स्वीकृत भई आएको सूचना प्रकाशित गर्ने,

(ग) सम्बन्धन तथा थप कार्यक्रमका लागि पर्न आएका निवेदनहरूउपर छानविन गरी सम्बन्धित डीन कार्यालयमा विज्ञ टोलि गठन गर्न रसम्भाव्यताअध्ययन गर्न पठाउने । अध्ययन भई विद्यापरिषद्बाट सिफारिस भएका आवेदनहरू सङ्कलन गरी सम्बन्धन समितिमा पेश गर्ने,

(घ) सम्बन्धित डीनसँग समन्वय गरी सम्बन्धन शुल्क,अनुगमन शुल्क, धरौटी, सेवा शुल्कलगायतका अन्य शुल्क निर्धारण गरी सम्बन्धन समिति समक्ष पेश गर्ने,

(ङ) सम्बन्धित डीनसँग समन्वय गरी सम्बन्धन प्राप्त क्याम्पसहरूको श्रेणी विभाजनको लागि मापदण्ड तयार गरी सम्बन्धन समिति समक्षपेश गर्ने,

(च) सम्बन्धित अध्ययन संस्थान/सङ्कायका डीनसँग समन्वय गरी सम्बन्धनप्राप्त क्याम्पसहरूको अनुगमन निरीक्षण गर्ने गराउने, निरीक्षण गर्दा तोकिएको मापदण्ड र शर्तहरू पूरा भए नभएको विवरण सङ्कलन गरी प्रतिवेदन तयार गर्ने,

(छ) कार्यकारी परिषद्बाट निर्णय भई आएका सम्बन्धन सम्बन्धी निर्णयहरूकार्यान्वयन गर्ने गराउने,

(ज) तोकिएको मापदण्ड तथा शर्तहरूपुरा नगर्ने क्याम्पसहरूको सम्बन्धन खारेजी वा शैक्षिक कार्यक्रम स्थगनका लागि प्रकृया पुरा गरी सम्बन्धन समिति समक्ष पेश गर्ने,

---

[२] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/४/१२ को बैठकबाट संशोधन

(झ) सम्बन्धित डीनसँग समन्वय गरी सम्बन्धन नवीकरणको लागि नवीकरणका मापदण्डहरूनिर्धारण गर्ने,

(ञ) आवश्यकताअनुसार विभिन्न समिति र उपसमितिहरूगठन गर्ने गराउने,

(ट) सम्बन्धन निर्देशनालयअन्तर्गतका विभिन्न निकायलाई आवश्यक निर्देशन दिने,

(ठ) विश्वविद्यालयको सम्बन्धनसम्बन्धी जानकारी वेवसाइटमा राखी प्रचार प्रसार गर्ने,

(ड) नियम (३) बमोजिम गठित समितिको सदस्य सचिव भई काम गर्ने र सो समितिले तोकेका अन्य कार्यहरूगर्ने,

(ढ) अन्तराष्ट्रियस्तरको थप शुल्क लिईसञ्चालनहुनेसार्वजनिक निजी साझेदारी (PPP)मा वा निजी वा सामुदायिकव्यवस्थापनमा सञ्चालनहुने क्याम्पसको सम्बन्धित डीन कार्यालयसँग परामर्श गरी सम्बन्धन सम्बन्धीमापदण्ड निर्धारण गरी सम्बन्धन समितिमा पेश गर्ने,

(त) निर्धारित मापदण्डमा रही सम्बन्धित डीन कार्यालयले नवीकरण सम्बन्धी सूचना प्रकाशित गरी प्रकृया पुरा भै आएका निवेदनहरूसम्बन्धन समितिमार्फत कार्यकारी परिषद्मा पठाउने र

(ण) विश्वविद्यालयका पदाधिकारीहरूले दिएका निर्देशानुसार अन्य कार्यहरू गर्ने ।

९. **उपनिर्देशकको काम, कर्तव्य र अधिकार** : उपनिर्देशकको काम, कर्तव्य र अधिकार निर्देशनालयको कामका आधारमा निर्देशकले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ४

## सम्बन्धनसम्बन्धी व्यवस्था

१०. **सम्बन्धन लिनुपर्ने :** (१) त्रिभुवन विश्वविद्यालयको अध्ययन संस्थान वा सङ्कायअन्तर्गतका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले विश्वविद्यालय ऐन, नियमहरूमा उल्लेखित प्रावधान तथा यस विनियमको अनुसूची १ मा तोकिएको मापदण्ड पुरा गर्ने गरी विश्वविद्यालयसँगसम्बन्धन लिन सक्नेछ ।

(२) कुनै पनि संस्थाले सम्बन्धन नलिई विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

११. **आवेदन दिनु पर्ने :** (१) त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को स्वीकृतिबमोजिमसम्बन्धन निर्देशनालयले नयाँ क्याम्पस सञ्चालन गर्न चाहने सङ्गठित संस्थाको लागि सम्बन्धित अध्ययन संस्थान तथा सङ्कायले यस विनियमको अनुसूची १ मा तोकिएकोपूर्वाधार तथा मापदण्ड तोकी वार्षिक वा सेमेष्टर प्रणाली कार्यक्रमका सम्बन्धमा सम्बन्धित डीन कार्यालयसँग समन्वय गरी सम्बन्धन निर्देशनालयले सूचना प्रकाशित गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि नियम ६ को उपनियम (१) को अधीनमा रही सम्बन्धित सङ्गठित संस्थाले रितपूर्वकको प्रस्तावको साथमा बुझाउनुपर्ने शुल्क बैङ्कमा बुझाई बैङ्क भौचरसमेत साथमा राखी सम्बन्धन निर्देशनालयमा तोकिएको समयभित्र आवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययन संस्थानअन्तर्गत नयाँ सम्बन्धन लिई क्याम्पस सञ्चालन गर्न चाहने सङ्गठितसंस्थाबाट प्राविधिक प्रस्ताव मात्र माग गर्नु पर्नेछ ।

(४)[३] उपनियम (३) बमोजिम अध्ययन संस्थान अन्तर्गत कार्यक्रम सञ्चालन गर्न प्राप्त भएका प्रस्तावहरूको प्रारम्भिक अध्ययन गरी प्राप्त भएका प्रतिवेदनको आधारमा कार्यकारी परिषद्ले उक्त प्रस्ताव स्वीकृत गरी नेपाल सरकार शिक्षा मन्त्रालयसँग मनशायपत्र (LOI) लिन स्वीकृति-पत्र दिनेछ ।

(५) नेपाल सरकारबाट मनसायपत्र (LOI) प्राप्त गरेपछि मात्र नियमानुसार प्रस्ताव पेश गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम विश्वविद्यालयबाट स्वीकृतिनलिई नेपाल सरकारबाट मात्र मनसायपत्र (LOI) लिएका क्याम्पसहरूको सम्बन्धन सम्बन्धी प्रकृया अगाडि बढाइनेछैन । तर यो विनियम लागू हुनुपूर्व मनसायपत्र प्राप्त गरेका संस्थाका हकमा भने सम्बन्धन सम्बन्धी प्रकृया अगाडि बढाउन सकिनेछ ।

(७) अध्ययन संस्थानअन्तर्गत शैक्षिक कार्यक्रम सञ्चालन गर्न उपनियम (४) बमोजिम को प्रकृया पुरा गरी नेपाल सरकार शिक्षा मन्त्रालयसँग मनसायपत्र (LOI)प्राप्त भइसकेपछि सम्बन्धित संस्थाले रितपूर्वको प्रस्तावको साथमा बुझाउनु पर्ने शुल्क बैङ्कमा बुझाई बैङ्क भौचरसमेत साथमा राखी सम्बन्धन निर्देशनालयमा तोकिएको समयभित्र आवेदनपेश गर्नु पर्नेछ ।

(८) विश्वविद्यालयसङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३७७(ख) र (ग) बमोजिमका क्याम्पसहरूको हकमा नियम ३७९ को उपनियम (१) बमोजिम सम्बन्धन निर्देशनालयले उपनियम (७) बमोजिम पर्न आएका आवेदनहरूको सम्भाव्यता अध्ययन गर्न गराउन सम्बन्धित अध्ययन संस्थानको डीनले विशेषज्ञहरूको टोली बनाई शिक्षाध्यक्ष समक्ष पेश गर्नेछ । शिक्षाध्यक्षको स्वीकृतिपछि सम्भाव्यता अध्ययन गराउने छ ।

(९) सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएपछि विश्वविद्यालयसङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३७९ को उपनियम (२) र (३) बमोजिम हुनेछ ।

(१०) विश्वविद्यालयसङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३७७(क) बमोजिमका अध्ययन संस्थान/सङ्कायअन्तर्गतका क्याम्पसहरूको हकमा उपनियम (२) बमोजिम पर्न आएका आवेदनहरूको सम्भाव्यता अध्ययन सम्बन्धित अध्ययन संस्थान/सङ्कायका डीनले विशेषज्ञहरूको टोली बनाई गराउनेछ ।

(११) उपनियम(१०) बमोजिम सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएपछि सम्बन्धितसङ्कायको विद्यापरिषद्ले सिफारिस गरेमा सम्बन्धित डीन कार्यालयले सम्बन्धनको स्वीकृतिका लागि सम्बन्धन निर्देशनालयमार्फत कार्यकारी परिषद् समक्ष पठाउनेछ ।

(१२) अध्ययन संस्थान/सङ्कायअन्तर्गत कार्यक्रम सञ्चालन गर्ने क्याम्पसहरूलाई सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा कार्यकारी परिषद्ले विद्यार्थी भर्ना सङ्ख्या तोकी विश्वविद्यालय सङ्गठन तथा

---

[३] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/१/६ को बैठकबाट संशोधन

शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३७९ को उपनियम (४) बमोजिम सम्बन्धन स्वीकृति प्रदान गर्नेछ ।

१२. **विषय, तह र विद्यार्थी सङ्ख्या सम्बन्धी व्यवस्था :** (१) त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका क्याम्पसहरूले विषय वा तह थप गर्न वा विद्यार्थी भर्ना सङ्ख्या वृद्धि गर्न सम्बन्धित अध्ययन संस्थान/सङ्कायको डीन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) यसरी पर्न आएका निवेदनहरूउपर डीन कार्यालयले अध्ययन/छानविन गरी विशेषज्ञ टोलीद्वारा अनुगमन गराई विद्यापरिषद्को सिफारिशसहित सम्बन्धन निर्देशनालयमा पठाउनु पर्नेछ र त्यसरी पेश भएका प्रस्तावहरूसम्बन्धन निर्देशनालयले स्वीकृतिका लागि प्राज्ञिक परिषद्मा पेश गर्नु पर्नेछ । तर विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३७७ (ख) र (ग) मा उल्लिखित अध्ययन संस्थानका हकमा सम्बन्धन समितिमार्फत प्राज्ञिक परिषद्मा पेश गर्नु पर्नेछ ।

(३) विश्वविद्यालयको प्राज्ञिक परिषद्को स्वीकृति प्राप्त भए पछि उक्त निर्णय सम्बन्धन निर्देशनालयले सम्बन्धित डीन कार्यालय र सम्बन्धित क्याम्पसमा पठाउनु पर्नेछ ।

१३. **आवेदन साथ पेश गर्नु पर्ने कागजपत्रहरू:** सम्बन्धन लिन, कार्यक्रम थप गर्न र सम्बन्धन नवीकरण गर्न चाहने क्याम्पसहरूले देहायबमोजिमका कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ :

(१) सामुदायिक क्याम्पसहरूको हकमा

(क) क्याम्पस सञ्चालन हुने जग्गाको स्वामित्व वा सार्वजनिक जग्गा भए आधिकारिक निकायबाट भोगाधिकार प्राप्त गरेको प्रमाणित कागजपत्रहरू,

(ख) त्रिभुवन विश्वविद्यालयबाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्ड, परिषद् आदिका कार्यक्रमहरू सञ्चालन नगर्ने प्रतिवद्धता पत्र,

(ग) क्याम्पस सञ्चालन नियमावली, क्याम्पस संस्था दर्ताको प्रमाणपत्र,

(घ) सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) स्थायी लेखा नम्बरको प्रतिलिपि,

(च) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(छ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ज) सम्बन्धित अध्ययन संस्थान/सङ्कायले तोके बमोजिमका अन्य कागजपत्रहरू,

(झ) प्राविधिक तथा व्यावसायिक कार्यक्रम सञ्चालन गर्न चाहने क्याम्पसहरूले सम्बन्धित अध्ययन संस्थानको मापदण्ड पुरा गर्ने प्रतिवद्धता र

(ञ) कार्यक्रम थप तथा नवीकरणका लागि विश्वविद्यालयलाई बुझाउनु पर्ने शुल्क बुझाएको प्रमाण ।

(२) निजी क्षेत्रबाट सञ्चालित क्याम्पसहरूको हकमा

(क) क्याम्पस सञ्चालन हुने घर जग्गाको स्वामित्व सम्बन्धी प्रमाणित कागजपत्र (लालपूर्जा),

(ख) क्याम्पसको आफ्नै स्वामित्वमा घर जग्गा नभए कम्तीमा दस वर्षसम्मका लागि बहाल लिएको सम्झौता पत्र र लालपूर्जाको प्रमाणित प्रतिलिपि,

(ग) त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्ड, परिषद् आदिको कार्यक्रम सञ्चालन नगर्ने प्रतिबद्धतापत्र,

(घ) सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) प्रचलित कानुनबमोजिम सम्बन्धित निकायमा संस्था दर्ता गरेको प्रमाणपत्र एवं प्रबन्ध पत्र र नियमावली,

(च) क्याम्पस सञ्चालन सम्बन्धी नियमावली,

(छ) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ज) सम्पूर्ण सञ्चालक समितिका सदस्यहरू तथा संस्थाको स्थायी लेखा नम्बरको प्रतिलिपि,

(झ) प्राविधिक तथा व्यावसायिक कार्यक्रम सञ्चालन गर्न चाहने क्याम्पसहरूले सम्बन्धित अध्ययनसंस्थानको मापदण्ड पुरा गर्ने प्रतिवद्धता र

(ञ) विश्वविद्यालयलाई बुझाउनु पर्ने शुल्क बुझाएको प्रमाण ।

**१४. सम्बन्धन नवीकरण सम्बन्धी व्यवस्था :** (१) अस्थायी सम्बन्धन स्वीकृत प्राप्त क्याम्पसले आफूले स्वीकृत पाएको कार्यक्रम सोही शैक्षिक वर्षमा सुरु गरी तिन महिना भित्र सोको विवरण सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(२) अस्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूले प्रत्येक आर्थिक वर्षमा आफ्नो क्याम्पसको शैक्षिक, आर्थिक एवं प्रशासनिक विवरण सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पठाउनुपर्नेछ ।

(३) अस्थायी सम्बन्धन प्राप्त क्याम्पसले आफूले पाएको सञ्चालन अनुमति समाप्त हुनुभन्दा करीब छ महिना अगाडि सम्पूर्ण शैक्षिक, आर्थिक र प्रशासनिक गतिविधिसहितको प्रतिवेदन सम्बन्धन नवीकरण गराउनका लागि सम्बन्धित डीन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) सम्बन्धन नवीकरणको लागिनिवेदन नदिने क्याम्पसको सम्बन्धन नवीकरण नभईस्वतः रद्दहुनेछ । त्यसरी सम्बन्धन रद्द भएको अवस्थामा अध्ययनको लागि भर्ना भएका विद्यार्थीहरूको जिम्मेवारी सम्बन्धित क्याम्पसकै हुनेछ ।

(५) सम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक दुई दुई वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(६) सम्बन्धन नवीकरण भएका क्याम्पसहरूको सूची हरेक वर्ष सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयको वेवसाइटमा राखिनेछ ।

**१५. स्थायी सम्बन्धन सम्बन्धी व्यवस्था :** (१) विश्वविद्यालयबाट अस्थायी सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका क्याम्पसहरूले स्थायी सम्बन्धनका लागि देहायका कुरा उल्लेख गरीसम्बन्धन निर्देशनालयमा निवेदन दिन सक्नेछन्:

(क) अस्थायी स्वीकृति प्राप्त गरेको कम्तीमा पाँचवर्ष पुरा भएको,

(ख) सामुदायिक क्याम्पसको सम्पूर्ण सम्पत्ति क्याम्पसकै नाममा रहेको,

(ग) क्याम्पस आफ्नै जग्गा र भवनमा सञ्चालन भएको,

(घ) गत तिनवर्षको परीक्षाको नतिजा सन्तोषजनक देखिएको,

(ङ) विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रमाणपत्र(QAA)प्रमाणपत्र प्राप्त गरेको,

(च) प्राविधिक क्याम्पसको हकमा:

(१) चिकित्साशिक्षातर्फ चिकित्साशास्त्र अध्ययन संस्थान र सम्बन्धितकाउन्सिलले तोकेको मापदण्ड पुरा गरेको,

(२) इन्जिनियरिङ्तर्फ इन्जिनियरिङ् अध्ययन संस्थान र सम्बन्धित काउन्सिले तोकेके मापदण्ड पुरा गरेको,

(३) कृषि तथा वन अध्ययन संस्थानतर्फ सम्बन्धित अध्ययन संस्थानले तोकेको मापदण्ड पुरा गरेको,

(छ) पूर्णकालीन शिक्षक कर्मचारीको व्यवस्था भएको,

(ज) नियमित रूपमा विश्वविद्यालयलाईबुझाउनु पर्ने शुल्कहरूबुझाएको,

(झ) सम्बन्धित कलेजको कम्तीमा पाँच वर्षको आय व्ययकोलेखा परीक्षण प्रतिवेदन पेश गरेको र

(ञ) कर चुक्ता प्रमाणपत्र पेश गरेको ।

(२) नियम ११ उपनियम (१) बमोजिम निवेदन दिने क्याम्पसहरूको निवेदन उपर सम्बन्धित डीन कार्यालयमार्फत अनुगमन गराई सोको प्रतिवेदनको आधारमा सिफारिशसहित सम्बन्धन निर्देशनालयमार्फत् कार्यकारी परिषद्मा पेश गर्नुपर्नेछ ।

(३) कार्यकारी परिषद्ले सर्त र आधारहरूतोकी बढीमा सात वर्षका लागि स्थायी सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(४) स्थायी सम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक आर्थिक वर्षमा शैक्षिक, आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,प्रशासनिक गतिविधिहरूको विवरण एवं शिक्षक तथा कर्मचारीहरूको विवरण सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

(५) स्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूले विश्वविद्यालयले तोके अनुसारको शुल्क नियमित रूपमा बुझाउनु पर्नेछ ।

(६) स्थायी सम्बन्धनको अवधि समाप्त हुनुभन्दा कम्तीमा छ महिना अगाडिआफ्ना गतिविधिहरूको विवरण सम्बन्धित डीन कार्यालय तथा सम्बन्धन निर्देशनालयमापठाउनु पर्नेछ ।

(७) स्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूको विवरणहरूको अध्ययन गरी तोकिएका मापदण्डहरूपुरा नगरेको देखिएमा अविलम्ब पुरा गर्न सम्बन्धित डीन कार्यालय तथा कार्यकारी परिषद्ले निर्देशन दिनेछ । त्यस्ता निर्देशनहरूको पालना नगर्ने क्याम्पसको स्थायी सम्बन्धन निलम्बन वा खारेज हुन सक्ने छ ।

## परिच्छेद ५

## सम्बन्धन प्राप्त क्याम्पसहरूको काम, कर्तव्य र अधिकार

**१६. सम्बन्धन प्राप्त क्याम्पसको काम, कर्तव्य र अधिकार :** सम्बन्धन प्राप्त क्याम्पसहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

(क) विश्वविद्यालयले तोकेका सम्पूर्ण शर्तहरूपुरा गरी क्याम्पस सञ्चालन गर्न सम्बन्धन प्राप्त क्याम्पसको अधिकार हुनेछ ।

(ख) विश्वविद्यालयले लिएको प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा विद्यार्थी भर्ना लिनुपर्नेछ ।

(ग) विश्वविद्यालयले तोकेको न्यूनतम योग्यता र प्रकृयाअनुसार शिक्षक कर्मचारीहरूको भर्ना गर्नुपर्नेछ ।

(घ) विद्यार्थीका लागि विश्वविद्यालयले तोकेबमोजिम छात्रवृत्ति कोटा उपलब्ध गराउनुपर्नेछ ।

(ङ) विश्वविद्यालयले तोकेबमोजिम पठन पाठनकोगुणस्तर कायम राख्नुपर्नेछ ।

(च) सम्बन्धन प्राप्त क्याम्पसहरूले स्वीकृतशैक्षिक कार्यक्रमहरूमात्र पठन पाठन गराउनु पर्नेछ ।

(छ) सम्बन्धन प्राप्त क्याम्पसहरूले स्वीकृत सङ्ख्यामा मात्र विद्यार्थीहरूभर्ना लिनु पर्नेछ ।

(ज) सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन स्वीकृति लिए बापत सम्बन्धित निकायमा तोके अनुसारको शुल्क समयमानै बुझाउनु पर्नेछ ।

(झ) सम्बन्धन प्राप्त क्याम्पसहरूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूको विवरण प्रत्येक शैक्षिक वर्ष सुरु हुनु अगावै सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

(ञ) सम्बन्धन प्राप्त क्याम्पसहरूलेआफूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूमा विद्याथीहरूको प्रगति विवरण तोकिएको ढाँचामा प्रत्येक शैक्षिक वर्षको परीक्षाफल प्रकाशित भएको मितिले तिन महिनाभित्र सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ट) सम्बन्धन प्राप्त क्याम्पसहरूले क्याम्पसमा कार्यरत पूर्णकालीन र आँशिक शिक्षकहरूको शैक्षिक योग्यतासहितको यर्थाथ विवरण सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा वार्षिक रूपमा पेश गर्नु पर्नेछ ।

(ठ) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूका लागि विद्यार्थीबाट उठाउने शुल्कको यथार्थ र अध्यावधिक विवरण वार्षिक रूपमा सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ड) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफ्नो क्याम्पसको वार्षिक आय-व्ययको विवरण नेपाल सरकारमा दर्ता रहेका लेखा परीक्षकबाट लेखा परीक्षण गराई सोको पूर्ण विवरण लेखा परीक्षण सम्पन्न भएको मितिले एक महिना भित्र सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ढ) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूका लागि प्रयोग गरिएका भौतिक सम्पत्तिहरूको विवरण सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ण) सम्बन्धन प्राप्त क्याम्पसहरूले विश्वविद्यालय ऐन नियम, विनियम, निर्देशिका र आवश्यकता अनुसार सम्बन्धन निर्देशनालय एवं सम्बन्धित डीन कार्यालय एवं सम्बन्धित निकायले दिएका निर्देशनहरूपालना गर्नु पर्नेछ ।

(त) विश्वविद्यालयले मागेका विवरण तथा सूचनाहरूसमयमै उपलब्ध गराउनु पर्नेछ ।

(थ) सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकलाई विश्वविद्यालयले कुनै काममा खटाउँदा स्वीकृति दिनुपर्नेछ ।

(द) विश्वविद्यालयले परीक्षा सञ्चालन गर्दा हल, कक्षा कोठा, प्रयोगशाला तथाअन्य जनशक्ति एवं अन्य भौतिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ध) सम्बन्धन प्राप्त क्याम्पसहरूले वैदेशिक सहयोग प्राप्त गर्दा प्रचलित कानुनबमोजिम नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ । सो सम्बन्धमा सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयलाई जानकारी गराउनु पर्नेछ ।

(न) त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्, उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र सम्बन्धित डीनबाट प्राप्त निर्देशनलाई पालना गर्नु सम्बन्धन प्राप्त क्याम्पसको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## सम्बन्धन प्राप्त क्याम्पसहरूको वर्गीकरण

१७. **क्याम्पसको वर्गीकरण :** विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित क्याम्पसहरूलाई देहायबमोजिम वर्गीकरण गरिनेछ :

(१) समुदायिक क्याम्पसः विश्वविद्यालयबाट स्वीकृति लिई मुनाफाको उद्देश्य नराखी समुदाय, सहकारी, गुठी, शैक्षिक प्रतिष्ठान, सामाजिक संस्था वा स्थानीय निकायबाट सञ्चालित क्याम्पसहरूलाई विश्वविद्यालयले सामुदायिक क्याम्पसको रूपमा मान्यता प्रदान गर्न सक्नेछ ।

(२) निजी क्याम्पसः देहायका क्याम्पसहरूलाई विश्वविद्यालयले निजी क्याम्पसको रूपमा मान्यता प्रदान गर्न सक्नेछ ।

क) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरी विश्वविद्यालयबाट निजी स्तरमा क्याम्पस सञ्चालन गर्ने गरी स्वीकृत प्राप्त क्याम्पसहरू,

ख) प्रचलित नेपाल कानुनबमोजिम संस्था दर्ता गराई सञ्चालित क्याम्पसहरू र

ग) अतिरिक्त शुल्क लिई अन्तराष्ट्रियस्तरको शिक्षा दिन सम्बन्धन लिएका संस्थाहरू।

(३) विदेशी शैक्षिक संस्थाबाट सञ्चालित क्याम्पसः कुनै विदेशी शैक्षिक संस्थाले नेपाल सरकारबाट स्वीकृति लिई विश्वविद्यालयबाट सम्बन्धन लिएर कार्यक्रम सञ्चालन गर्न चाहेमा त्यस्तो क्याम्पसहरूलाई विदेशी शैक्षिक संस्थाबाट सञ्चालित क्याम्पसको रूपमा मान्यता प्रदान गर्न सक्नेछ ।

(४) यो विनियम लागु भएपछि सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पसहरूले वर्गीकरणको प्रमाणपत्र लिनु पर्नेछ ।

## परिच्छेद ७

## शुल्क सम्बन्धी व्यवस्था

**१८. शुल्क सम्बन्धी व्यवस्था :** विश्वविद्यालयसँग सम्बन्धन लिईसञ्चालनगर्न चाहने क्याम्पसलाई निम्न अनुसारको शुल्क लाग्नेछ । उक्त शुल्कहरू सम्बन्धित अध्ययन संसथान/सङ्कायको विद्यापरिषद्को सिफारिसमा कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ ।

(१) **आवेदन शुल्कः** विश्वविद्यालयको सम्बन्धन प्राप्त गर्न चाहने क्यामपसहरूले विश्वविद्यालयले तोकेको आवेदन शुल्क सम्बन्धित डीन कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) **थप तह तथा कार्यक्रम शुल्कः** सम्बन्धन प्राप्त क्याम्पसले स्वीकृत कार्यक्रमभन्दा थप तह तथा कार्यक्रम सञ्चालन गर्न चाहेमा विश्वविद्यालयले तोकेको शुल्क सम्बन्धित डीन कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) **वार्षिक सम्बन्धन शुल्कः**विश्वविद्यालयसँग सम्बन्धन लिई कार्यक्रम सञ्चालन गर्ने क्याम्पसहरूले विश्वविद्यालयले तोकेबमोजिमको सम्बन्धन शुल्क सम्बन्धित डीन कार्यालयमा बुझाउन पर्नेछ ।शुल्कको पचास प्रतिशत सम्बन्धित कार्यालयले विश्वविद्यालयको केन्द्रीय कोषमा पठाउनु पर्नेछ ।

(४) **वार्षिक सेवा शुल्क :**

(क) सामुदायिक क्याम्पसहरूले प्रत्येक वर्ष प्रति विद्यार्थी एक महिनाको शिक्षण शुल्क बराबरको रकम सेवा शुल्कबापत विश्वविद्यालयलाई बुझाउनुपर्नेछ ।

(ख) सम्बन्धन प्राप्त क्याम्पसहरूले प्रत्येक वर्ष विद्यार्थी भर्नाको सूचना प्रकाशित गर्दा उक्त कार्यक्रम पुरा गर्न लाग्ने सम्पूर्ण शुल्क सार्वजनिक गर्नु पर्नेछ। सोकोविवरण आवेदन फाराम साथ उपलव्ध गराउनु पर्नेछ। विद्यार्थी सङ्ख्या र शुल्क सम्बन्धी विवरण क्याम्पसको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(ग)सम्बन्धन प्राप्त निजी क्याम्पसले प्रति विद्यार्थी प्रति वर्ष विद्यार्थीको शुल्कको कुल रकमको दुईप्रतिशत वा मासिक शिक्षण शुल्क मध्ये जुन बढी छ सो बराबरको सेवा शुल्क विश्वविद्यालयको आर्थिक प्रशासन महाशाखामा बुझाउनु पर्नेछ। विद्यार्थी सङ्ख्या र शुल्क सम्बन्धी विवरण क्याम्पसको वेवसाइटमा समेत राख्नु पर्नेछ।यस विनियम र कार्यकारी परिषद्ले समय समयमा निर्धारण गरेको शुल्कबाहेक अन्य कुनै पनि प्रकारको शुल्क डीन कार्यालयहरूले क्याम्पसबाट लिन पाइनेछैन। [४]तर कार्यकारी परिषद्ले तोकेको संस्थागत शुल्क अध्ययन संस्थान/संकायबाट लिन बाधा पर्ने छैन। यसरी लिएको संस्थागत शुल्कको २० प्रतिशत रकम त्रि.वि. निवृत्तिभरण तथा उपदान कोषमा अध्ययन संस्थान/संकाय, डीनको कार्यालयले दाखिला गर्नुपर्नेछ।

(घ) नि:शुल्क वा नेपाल सरकारको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको हकमा भने सेवा शुल्क लाग्ने छैन।

(५) **परीक्षा सम्बन्धी शुल्क :** विश्वविद्यालयको परीक्षामा आवेदन गर्ने प्रत्येक विद्यार्थीहरूले विश्वविद्यालयले समय समयमा तोकेबमोजिमको परीक्षा सम्बन्धी शुल्क बुझाउनु पर्नेछ।

(६) **रजिष्ट्रेशनशुल्क:**विश्वविद्यालयमा दर्ता (Registration) हुने सबै विद्यार्थीहरूले विश्वविद्यालयले तोकेबमोजिम रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ।

(७) **प्रमाणपत्रशुल्क/दीक्षान्त शुल्क :** विश्वविद्यालयबाट उत्तीर्ण सबै विद्यार्थीहरूले विश्वविद्यालयलले तोकेबमोजिम प्रमाणपत्र शुल्क तथा दीक्षान्त शुल्क बुझाउनु पर्नेछ।

(८) **स्थलगत अध्ययन, अनुगमन र निरीक्षण शुल्क :** सम्बन्धन प्राप्त क्याम्पसहरूको स्थलगत अध्ययन, अनुगमन र निरीक्षणबापतको शुल्क विश्वविद्यालयकार्यकारी परिषद्ले तोके बमोजिम सम्बन्धित डीन कार्यालयमा बुझाउनु पर्नेछ।विभिन्न सङ्काय रहेका क्याम्पसहरूको अनुगमन गराउँदा संयोजित प्रक्रियाबाट गराइनेछ।

(९) **मासिक शुल्क :** विश्वविद्यालय ऐन, २०४९ को दफा १४(च)बमोजिमसम्बन्धन प्राप्त क्याम्पसहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको शुल्क निर्धारण कार्यकारी परिषद्ले गर्नेछ र विश्वविद्यालयले यसको अनुगमन गर्नेछ।नेपाल सरकारले तोकेको शुल्कको हकमा सोही बमोजिम हुनेछ।

(१०) **अक्षय कोष राख्नु पर्ने :**विश्वविद्यालयसङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३८८ मा तोकेबमोजिमको अक्षय कोष सम्बन्धित क्याम्पसले राख्नु पर्नेछ तर नियम ३७७

---

[४] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५/५/१० को बैठकबाट थप

को खण्ड (क) बमोजिमको अध्ययन संस्थान/सङ्कायअन्तर्गतका क्याम्पसहरूको हकमा सम्बन्धित डीन कार्यालयसँग परामर्श गरीविश्वविद्यालय कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ८

## प्रस्तावित क्याम्पसहरूले पुरा गर्नु पर्ने शर्तहरू

**१९. प्रस्तावित प्राविधिक क्याम्पसले पुरा गर्नु पर्ने शर्तहरू:** (१) क्याम्पसको नामकरण गर्दा राष्ट्रिय, क्षेत्रीय, स्थानीय, सांस्कृतिक,स्थान विशेष वा व्यक्ति विशेषको पहिचान झल्किने किसिमको हुनुपर्नेछ ।

(२) विश्वविद्यालयबाट प्राविधिक प्रस्ताव स्वीकृत भएपछि नेपाल सरकार, शिक्षा मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्ने मनशायपत्र (Letter of Intent) प्राप्त गरेको हुनुपर्ने र नेपाल सरकार/सम्बन्धित अध्ययन संस्थानबाट तोकिएका मापदण्ड र शर्तहरूअनिवार्य रूपमा पुरा गरेकोहुनुपर्नेछ ।

(३) सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसहरूले सम्बन्धित अनुसूचीमा उल्लिखित आधार र मापदण्ड (Norms and Standards) पुरा गरेर मात्र आवेदन दिन सक्नेछन् ।

(४) सम्बन्धन लिन चाहने निजी क्याम्पसहरूको भौतिक संरचना र सम्पत्ति संस्थाको नाममा हुनु पर्नेछ । उक्त संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हुनु पर्नेछ ।

(५) सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसले अनुसूचीमा तोकेको रकम बैङ्क खातामा जम्मा गर्नुपर्नेछ ।

(६) कार्यक्रम लिन चाहने क्याम्पसले कुन शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेको हो सोको विस्तृत विवरण प्रस्तुत गर्नु पर्नेछ र पूर्वाधार नपुगेको खण्डमा कुनै कार्यवाही गरिने छैन ।

(७) सम्बन्धन प्राप्तनिजी क्याम्पसले प्रति विद्यार्थी प्रति वर्ष विद्यार्थीको शुल्कको कुल रकमको दुईप्रतिशत वा मासिक शिक्षण शुल्क मध्ये जुन बढी छ सो बराबरको सेवा शुल्क विश्वविद्यालयको आर्थिक प्रशासन महाशाखामाबुझाउनु पर्नेछ ।

(८) विद्यार्थी शुल्क किस्ताबन्दीमा लिन पाइनेछ ।

(९) सम्भाव्यता अध्ययन भई कार्यक्रम सञ्चालन गर्न जुन ठाउँमा स्वीकृत दिएको हो त्यही ठाउँमा क्याम्पस सञ्चालन गर्नु पर्नेछ ।विश्वविद्यालयको स्वीकृति बेगर अयन्त्र स्थानान्तरण गर्न पाइनेछैन ।

(१०) कारणवश संस्थापकहरूले क्याम्पस सञ्चालन गर्न नसक्ने स्थिति भएमा क्याम्पसको सम्पूर्ण भौतिक सम्पत्ति र शैक्षिक सामग्री विश्वविद्यालयको जिम्मामा रहनेछ र नयाँ भर्ना लिन पाइने छैन । तर भर्ना भएका विद्यार्थीहरूको कोर्ष लगायतको अन्य दायित्व पुरा गर्ने जिम्मेवारी भने सम्बन्धित क्याम्पसकोहुनेछ ।

(११) नेपाल सरकार र विश्वविद्यालयको निर्णयानुसार छात्रवृत्ति सम्बन्धी व्यवस्था लागु हुनेछ ।

(१२) सबै मापदण्ड पुरा भएतापनि विश्वविद्यालयले आफ्नो आवश्यकता र क्षमताका आधारमा मात्र सम्बन्धन दिन सक्नेछ ।

(१३) सम्बन्धित अध्ययन संस्थानबाट भएको निर्णय तथा निर्देशनको पालना गर्नु पर्नेछ ।

(१४) सम्बन्धन प्राप्त क्याम्पसले विश्वविद्यालयका शिक्षक कर्मचारीलाई काममा लगाउँदा विश्वविद्यालयको स्वीकृति लिनुपर्नेछ ।

(१५) यस विनियममा उल्लिखित शर्तहरूपुरा नगर्ने सम्बन्धनप्राप्त क्याम्पसलाई पहिलो पटक सचेत गराइनेछ र तोकिएको म्यादभित्र शर्तहरूपुरा नगर्ने क्याम्पसहरूको सम्बन्धन खारेजी प्रक्रिया सुरु गरिनेछ ।

(१६) अटेर गरेर नवीकरण नगर्ने क्याम्पसहरूलाई विश्वविद्यालयले थप कार्यक्रम सञ्चालनको स्वीकृति तथा कुनै पनि सुविधाहरू दिइने छैन ।

**२०. प्रस्तावित अप्राविधिक क्याम्पसले पुरा गर्नु पर्ने शर्तहरू:** (१) क्याम्पसको नामकरण गर्दा राष्ट्रिय, क्षेत्रीय, स्थानीय, सांस्कृतिक,स्थान विशेष वा व्यक्ति विशेषको पहिचान झल्किने किसिमको हुनुपर्नेछ ।

(२) सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसहरूले अनुसूचीमा तोकिएको आधार र मापदण्ड (Norms and Standards)पुरा गरेर मात्र आवेदन दिन सक्नेछन् ।

(३) सम्बन्धन लिन चाहने क्याम्पसहरूको भौतिक संरचना र सम्पत्ति सम्बन्धित संस्थाको नाममा हुनु पर्नेछ र यदि त्यस्तो संस्थाको नाममा नभएको खण्डमा कम्तीमा ७वर्षको लागि भाडामा लिएको हुनुपर्नेछ । सोको लागि जग्गाधनी पूर्जाको प्रमाणित प्रतिलिपि र सम्झौतापत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(४) सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसको आर्थिक अवस्था मजबुतहुनु पर्नेछ ।

(५) कार्यक्रम लिन चाहने क्याम्पसले कुन शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेको हो सोको विस्तृत विवरण प्रस्तुत गर्नु पर्नेछ। पूर्वाधार नपुगेको खण्डमा कुनै कारबाही गरिनेछैन ।

(६) विश्वविद्यालयबाट सम्बन्धन लिँदा विश्वविद्यालयलाई व्यवस्थापन, विज्ञान, शिक्षाशास्त्र, मानविकी र कानुनतर्फ प्रति तह र प्रति कार्यक्रम विश्वविद्यालयबाट तोकिए बमोजिमको सम्बन्धन शुल्क सम्बन्धित डीन कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

(७) सम्बन्धन प्राप्त क्याम्पसले प्रति विद्यार्थी प्रति वर्ष विद्यार्थीको शुल्कको कुल रकमको दुईप्रतिशत वा मासिक शिक्षण शुल्क मध्ये जुन बढी छ सो बराबरको सेवा शुल्क त्रि.वि. केन्द्रीय कार्यालयलाई बुझाउनु पर्नेछ ।

(८) विद्यार्थी शुल्क वार्षिक रूपमा बुझाउनु पर्नेछ ।

(९) सम्भाव्यता अध्ययन भई कार्यक्रम सञ्चालन गर्न जुन ठाउँमा स्वीकृति दिएको हो,सोही ठाउँमा क्याम्पस सञ्चालन गर्नु पर्नेछ ।विश्वविद्यालयको स्वीकृतिविना अन्यत्र स्थानान्तरण गर्न पाइनेछैन ।

(१०) कारणवश संस्थापकहरूले क्याम्पस सञ्चालन गर्न नसक्ने स्थिति भएमा क्याम्पसको सम्पूर्ण भौतिक सम्पत्ति र शैक्षिक सामग्री विश्वविद्यालयको जिम्मामा रहनेछर नयाँ भर्ना लिन पाइने छैन । तर भर्ना भएका विद्यार्थीहरूको कोर्ष र अन्य दायित्व पुरा गर्ने जिम्मेवारी भने सम्बन्धित क्याम्पसको हुनेछ ।

(११) विश्वविद्यालयको निर्णयानुसारको छात्रवृत्ति सम्बन्धी व्यवस्था लागूहुनेछ ।

(१२) सबै मापदण्ड पुरा भएतापनि विश्वविद्यालयले आफ्नो आवश्यकता र क्षमताका आधारमा मात्र सम्बन्धन दिन सक्नेछ ।

(१३) सम्बन्धित अध्ययन संस्थान/सङ्कायबाट भएको निर्णय तथा निर्देशनको पालना गर्नु पर्नेछ ।

(१४) सम्बन्धन प्राप्त क्याम्पसले विश्वविद्यालयका शिक्षक कर्मचारीलाई काममा लगाउँदा विश्वविद्यालयको स्वीकृति लिनुपर्नेछ ।

(१५) यस विनियममा उल्लिखित शर्तहरूपुरा नगर्ने सम्बन्धनप्राप्त क्याम्पसलाई पहिलो पटक सचेत गराइनेछ र तोकिएको म्यादभित्र शर्तहरूपुरा नगर्ने क्याम्पसहरूको सम्बन्धन खारेजी प्रक्रिया सुरु गरिनेछ ।

(१६) अटेर गरेर नवीकरण नगर्ने क्याम्पसहरूलाई विश्वविद्यालयले थप कार्यक्रम सञ्चालनको स्वीकृति तथा कुनै पनि सुविधाहरू दिने छैन ।

## परिच्छेद ९

## विद्यार्थी भर्ना, छात्रवृत्ति तथा विद्यार्थी कल्याण सम्बन्धी व्यवस्था

२१. **विद्यार्थी भर्नासम्बन्धी व्यवस्था :**सम्बन्धन प्राप्त क्याम्पसले विद्यार्थी भर्ना व्यवस्थित गर्नका लागि निम्नानुसार व्यवस्था गर्नु पर्नेछ :

(१) विद्यार्थी भर्ना गर्दा प्राज्ञिक परिषद्ले तोकेको शैक्षिक योग्यता र मापदण्डकाआधारमा सम्बन्धित अध्ययन संस्थान/सङ्कायले सञ्चालन गरेको प्रवेश परीक्षाबाट उत्तीर्ण गरेको विद्यार्थीहरूलाईयोग्यताक्रमको आधारमा भर्ना गर्नु पर्नेछ ।

(२) आवेदन शुल्क, प्रवेश परीक्षा शुल्क, भर्ना शुल्क र शिक्षण शुल्क त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले तोकेअनुसार हुनेछ ।

(३) अध्ययन संस्थान/सङ्कायह्रूले सञ्चालन गरेका प्रवेश परीक्षा बापत प्राप्त हुने शुल्कको पच्चिस प्रतिशत विश्वविद्यालय केन्द्रीय कोषमा दाखिला गर्नु पर्नेछ ।तर न्यून शुल्क हुनेहरूको हकमा यो व्यवस्था लागू हुने छैन ।

२२. **छात्रवृत्ति तथा विद्यार्थी कल्याण कोष** : सम्बन्धन प्राप्त प्रत्येक क्याम्पसमा एक छात्रवृत्ति तथा विद्यार्थी कल्याण कोष रहनेछ, जसबाट निम्नानुसारको खर्च बेहोरिने छ :

(१) जेहेन्दार छात्रवृत्ति

विश्वविद्यालसँगसम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक तह र कार्यक्रममा प्रत्येक वर्ष उत्कृष्ट नतिजा प्राप्त गर्ने कम्तिमा एक जना छात्र र एक जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गर्नु पर्नेछ ।

(२) निःशुल्कछात्रवृत्ति

सम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक तह र कार्यक्रममा भर्नाहुने विद्यार्थीहरूमध्ये हरेक वर्ष दश प्रतिशतलाई निःशुल्कछात्रवृत्ति प्रदान गर्नु पर्नेछ। यसरी छात्रवृत्ति प्रदान गर्दा नेपाल सरकार, शिक्षा मन्त्रालयअन्तर्गतको सामुदायिक स्कूलबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।तर प्राविधिक शिक्षाको हकमा नेपाल सरकार, शिक्षा मन्त्रालयले तोके बमोजिम हुनेछ।

## परिच्छेद १०

## मानव संसाधन तथा भौतिक पूर्वाधार विकास योजना

२३. **मानव संसाधन तथा भौतिक पूर्वाधार विकास योजना :** सम्बन्धन प्राप्त प्रत्येक क्याम्पसले अनिवार्य रूपमा आफ्नो क्याम्पसको मानव संसाधन, योजना तथा भौतिक पूर्वाधार विकास सम्बन्धन निर्माण गरी सम्बन्धित डीन कार्यालय र सम्बन्धन निर्देशनालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद ११

## सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकहरूको स्तर निर्धारण

**२४. पदको वर्गीकरण :** (१) सम्बन्धन प्राप्त क्याम्पसहरूमा देहायका शिक्षकहरू कार्यरत रहन सक्नेछन्:

क) प्राध्यापक

ख) सह प्राध्यापक

ग) उप प्राध्यापक

घ) सहायक प्राध्यापक

(२) सम्बन्धन प्राप्त क्याम्पसहरूमा शिक्षकहरूको नियुक्ति गर्दा विश्वविद्यालयले तय गरेका मापदण्डका आधारमा गर्नु पर्नेछ।

**२५. शिक्षक/कर्मचारी छनौट समिति :** (१) सम्बन्धन प्राप्त क्याम्पसहरूमा कार्यरत शिक्षक/कर्मचारीहरूको नियुक्ति प्रयोजनका लागि सम्बन्धित क्याम्पसले अनुरोध गरेमा देहाय अनुसारको छनौट समिति गठन गर्न सकिनेछ :

(क) विश्वविद्यालय कार्यकारी परिषद्ले मनोनित गरेको प्राध्यापक - अध्यक्ष

(ख) विश्वविद्यालय सेवा आयोगले मनोनित गरेकोशिक्षक प्रतिनधि - सदस्य

(ग) सम्बन्धित सामुदायिक वा निजी क्याम्पसको प्रतिनधि - सदस्य

(२) छनौट समितिले बढुवाको आधार प्रकृया र कार्यविधिहरू निर्धारण गर्नेछ। ती आधारहरू विश्वविद्यालय सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(३) छनौट समितिका अध्यक्ष र सदस्यहरूको काम कर्तव्य, अधिकार, पारिश्रमिक, सेवा सुविधा र शर्तहरू कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ।

(४) सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकहरूको नियुक्ति र बढुवा प्रयोजनका लागि गठन हुने छनौट समितिका लागि आवश्यक पर्ने सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित क्याम्पसहरूबाट नै हुनेछ।

(५) छनौट समितिले आवश्यक प्रकृया पुरा गरी उत्तीर्ण उम्मेदवारहरूको नामावली प्रकाशित गर्नेछ।

(६) मनोनीत सदस्यको पदावधि २ वर्षको हुनेछ।

## परिच्छेद १२

## सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन र निरीक्षण सम्बन्धी व्यवस्था

**२६. अनुगमन निरीक्षण गर्न सक्ने :** (१) सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन तथा निरीक्षण गर्ने गराउने दायित्व सम्बन्धित डीन कार्यालयको हुनेछ। तर विभिन्न कारणवश नियमितरूपमा अनुगमन तथा निरीक्षण गर्न नसकिने भएमा सम्बन्धन निर्देशनालयमार्फत अनुगमन तथा निरीक्षण गराउन सकिनेछ।

(२) अध्ययन संस्थान/सङ्कायले जुनसुकै समयमा सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन तथा निरीक्षण गर्न, गराउन सक्नेछ। कार्यकारी परिषद्, विश्वविद्यालयका पदाधिकारी वा अनुगमन समितिले पनि जुनसुकै समयमा सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन तथा निरीक्षण गर्न, गराउन सक्नेछ।

(३) अध्ययन संस्थान/सङ्काय र अनुगमन समितिले अनुगमन निरीक्षण गराउँदा देहायका कुराहरूलाई अनुगमन निरीक्षणको आधार बनाउनेछ :

क) स्वीकृति प्रदान गरिएभन्दा बाहेक अन्य कार्यक्रमहरू सञ्चालन गरे/नगरेको,

ख) विश्वविद्यालयले तोकेबमोजिमको पूर्वाधारको स्तर कायम रहे नरेहेको,

ग) विश्वविद्यालयय, अध्ययन संस्थान/सङ्काय र सम्बन्धन निर्देशनालयले समय समयमा तोकका शर्तहरूको पालना गरे/नगरेको,

घ) सम्बन्धन प्राप्त गरे बापत सम्बन्धित निकायमा बुझाउनु पर्ने शुल्क वा अन्य विवरण बुझाए/नबुझाएको,

ङ) न्यूनतम योग्यता पुगेको शिक्षक/कर्मचारीहरूको व्यवस्था भए/नभएको,

च) शैक्षिक गुणस्तर कायम राख्न भएका अन्य प्रयासहरूर

छ) तोकिएका अन्य शर्तहरूपालना गरे/नगरेको।

## परिच्छेद १३

## सम्बन्धन प्राप्त क्याम्पसहरूको समायोजन, सम्बन्धन स्थगन वा खारेजी सम्बन्धी व्यवस्था

**२७. सम्बन्धन प्राप्त क्याम्पसहरूको समायोजन :**

(क) सम्बन्धन प्राप्त कुनै क्याम्पस स्वतन्त्र रूपमा सञ्चालनहुन नसक्ने अवस्था रहेमा त्यस्तो क्याम्पसलाई नजिकैको सोही विषय र प्रकृतिको अर्को कुनै क्याम्पससँग समायोजन गर्ने गरी विश्वविद्यालयले निर्देशन दिन सक्नेछ।

(ख) यसरी समायोजन गरिने क्याम्पसमा समायोजन हुने क्याम्पसले सञ्चालन गरेको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ।

(ग) समायोजन गरिँदा समायोजन हुने क्याम्पसको सम्पूर्ण दायित्व समायोजन गरिने क्याम्पसमा हस्तान्तरण हुनेछ।

**२८. सम्बन्धन स्थगन वा खारेजी :** देहायको अवस्थामा कुनै क्याम्पस वा क्याम्पस मातहतमा सञ्चालित कार्यक्रम स्थगन वा खारेज गर्न सकिनेछः

(क) विश्वविद्यालयले तोकेको कुनै शर्त पुरा नगरेमा वा सो अनुरूप आचरण नगरेमा,

(ख) सम्बन्धननवीकरण नगरेमा,

(ग) विश्वविद्यालयले तोकेको सम्बन्धन शुल्क लगायत अन्य शुल्क नियमित रूपमा नबुझाएमा,

(घ) स्वीकृत प्रदान गरिएको भन्दा अन्य कार्यक्रम सञ्चालन गरेमा,

(ङ) परिच्छेद५ मा उल्लेख भए बमोजिमको काम कर्तव्यहरूपालन नगरेमा,

(च) त्रिभुवन विश्वविद्यालयबाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्ड, परिषद्सँग सम्बन्धन लिई कार्यक्रम सञ्चालन गरेमा,

(छ) सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन प्राप्त गर्दाको समयमा तोकिएको क्याम्पसको नाम र सञ्चालनहुने स्थान विश्वविद्यालयको स्वीकृति बिना परिवर्तन गरेमा,

(ज) विश्वविद्यालयको हित विपरित कार्य गरेमा र

(झ) विश्वविद्यालयद्वारा समय-समयमा तोकिएका अन्य शर्तहरूपालन नगरेमा ।

**२९. सफाइको मौका दिइने :** कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन स्थगन वा खारेज गर्नु अघि सम्बन्धित क्याम्पसलाई सफाइको मनासिब मौका दिइनेछ ।नियम २७बमोजिम सम्बन्धन स्थगन वा खारेज गर्ने गरी कार्यकारी परिषद्बाट निर्णय भएपछि विश्वविद्यालय सभाको लगत्तै बस्ने बैठकमा सोको जानकारी गराउनु पर्नेछ ।

**३०. सम्बन्धन स्थगन भएमा अध्ययन पुरा गराउनु पर्ने :** (१) कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन स्थगन वा खारेज भएमा त्यस्तो क्याम्पसले नयाँ विद्यार्थीहरूभर्ना गर्न पाउनेछैन तर भर्ना भइसकेको विद्यार्थीहरूको अध्ययन पुरा गर्ने गराउने जिम्मेवारी भने सम्बन्धित क्याम्पसको नै हुनेछ ।उक्त अवधिमा सम्बन्धननवीकरण नभएमा सम्बन्धन स्वतः खारेज हुनेछ ।

(२) कुनै कारणवश सम्बन्धन स्थगन वा खारेजी भएको क्याम्पसले भर्ना भएका विद्यार्थीहरूको अध्ययन पुरा गराउन नसकेमा विश्वविद्यालयले त्यस्ता विद्यार्थीहरूलाई नजिकैको पायक पर्ने अन्य क्याम्पसहरूमा अध्ययन पुरा गराउन निर्देशन दिन सक्नेछ । त्यस्ता विद्यार्थीको अध्ययन पुरा गराउन लाग्ने खर्च स्थगन वा खारेजीमा परेको क्याम्पसले बेहोर्नु पर्नेछ ।

**३१. सम्पत्ति हस्तान्तरण गर्ने :** कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज भएको अवस्थामा परिच्छेद ६ अनुसारका क्याम्पसहरूको चल अचल सम्पत्ति प्रचलित कानुनबमोजिम हस्तान्तरण हुनेछ ।

**३२. विश्वविद्यालय जवाफदेही नहुने :** सम्बन्धन प्राप्त क्याम्पसले गरेको कुनै प्रकारको प्रशासनिक र आर्थिक दायित्वप्रति विश्वविद्यालय जिम्मेवार र जवाफदेही हुने छैन ।

## परिच्छेद १४

## विविध

**३३. नाम र स्थान परिवर्तन :** सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन प्राप्त गर्दाका अवस्थामा राखेको नाम र स्थान सामान्यतया परिवर्तन गर्न पाइने छैन तर कुनै मनासिब कारण परेमा सोको औचित्य सहितको निवेदन दिएमातोकिएको प्रक्रिया पुरा गरी विश्वविद्यालयले त्यस्तो नाम र स्थान परिर्वतन गर्न स्वीकृति दिने सक्नेछ ।नाम र स्थान परिर्वतन गर्न स्वीकृति नहुँदासम्म नाम र स्थान परिर्वतन शुल्क लिइनेछैन ।

**३४. आवश्यक आदेश, निर्देशन दिन सक्ने :** कार्यकारी परिषद्ले आवश्यक ठानेमा यस परिच्छेदमा उल्लेख भएका कुराहरूको अतिरिक्त अन्य थप आदेश वा निर्देशन दिन सक्नेछ र त्यसरी दिएको आदेश वा निर्देशन पालना गर्नु सम्बन्धन प्राप्त क्याम्पसहरूको कर्तव्य हुनेछ ।

**३५. सम्बन्धन प्राप्त क्याम्पसको विधान :** सम्बन्धन प्राप्त क्याम्पस सञ्चालनको सम्बन्धमा क्याम्पस आफैले विधान बनाई स्वीकृतिको लागिसम्बन्धन निर्देशनालयमा पेश गर्नु पर्नेछ र त्यस्तो विधान विश्वविद्यालयबाट स्वीकृत भएपछि लागूहुनेछ ।

**३६. सञ्चालक समितिको गठन :** (१)[५] निजी वा सामुदायिक रुपमा सञ्चालित प्रत्येक क्याम्पसले क्याम्पस सञ्चालनका लागि अन्य कुराको अलावा अध्यक्ष सहित कम्तीमा पाँच जना सदस्य रहने गरी क्याम्पस सञ्चालन सम्बन्धी विधानको मसौदा बनाई स्वीकृतिका लागि सम्बन्धन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

(२)[६] निजी वा सामुदायिक रुपमा सञ्चालित क्याम्पसले पेश गरेको कागजात आवश्यक अध्ययन गरी सम्बन्धन निर्देशनालयले कार्यकारी परिषद्मा पेश गर्नेछ र सो विधानको मसौदा कार्यकारी परिषद्ले स्वीकृत गरेपश्चात् क्याम्पसले क्याम्पस सञ्चालक समितिको गठन र क्याम्पस सञ्चालन सम्बन्धी प्रक्रिया लागू गर्नेछ ।

(३) मनोनित अध्यक्षको पदावधि तिन वर्षको हुनेछ। मनोनित अध्यक्षले पदबाट राजिनामा दिएमा सञ्चालक समितिले अध्यक्षको राजिनामा स्वीकृत गरी सो को जानकारी तत्काल सम्बन्धन व्यवस्थापन निर्देशनालयमा गराउनु पर्नेछ ।

(४) सञ्चालक समितिको अध्यक्षको पद तिन महिनाभन्दा बढी समय रिक्त राख्नु हुँदैन । तिन महिनाभन्दा बढी रिक्त हुन गएमा उपकुलपतिले सञ्चालक समितिको अध्यक्ष मनोनयन गर्न बाधा पर्नेछैन ।

(५) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विकट भौगोलिक क्षेत्रमा रहेका क्याम्पसको सञ्चालक समितिको अध्यक्ष मनोनयनको लागि नियम ३६(२) मा तोकिएको शैक्षिक योग्यता लागू हुनेछैन ।

**३७. प्रतिनिधि सम्बन्धी व्यवस्था :** सम्बन्धन प्राप्त क्याम्पसको सञ्चालक समितिमा विश्वविद्यालयले तोकेको एक जना विश्वविद्यालयको स्थायी शिक्षक वा कर्मचारीप्रतिनिधिको रूपमा रहनेछ ।सो प्रतिनिधिको अवधि तिन वर्षको हुनेछ ।

**३८. अन्तरिम व्यवस्था :** सम्बन्धन निर्देशनालयको पूर्णरूपमा स्थापना नहुन्जेलसम्म यस विनियमबमोजिमको सम्बन्धन निर्देशनालयको काम योजना निर्देशनालयले र निर्देशकको काम योजना निर्देशनालयको निर्देशकले गर्नेछ ।

**३९. व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार :** यस विनियमको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार विश्वविद्यालय कार्यकारी परिषद्लाई हुनेछ ।

********

[५] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/११/१६ को बैठकबाट संशोधन

[६] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/११/१६ को बैठकबाट संशोधन

## *अनुसूची १*

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को अनुसूची ५ मा उल्लिखित कुराहरूको अतिरिक्त सम्बन्धन कार्यक्रम, स्वीकृति, सञ्चालन तथा व्यवस्थापनका आधारहरू(Criteria) देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालयको सम्बन्धनमा नयाँ खुल्ने निजी तथा सामुदायिक क्याम्पसहरू विश्वविद्यालयको आङ्गिक क्याम्पसभन्दा फरक बिषय बाहेक कम्तीमा पाँच कि.मी. टाढा हुनपर्नेछ ।

(ख) विश्वविद्यालयको सम्बन्धनमा खुलेका निजी तथा सामुदायिक क्याम्पसहरूले ठाउँसारी गर्न चाहेमा विश्वविद्यालयको आङ्गिक क्याम्पसभन्दा फरक बिषयबाहेक कम्तीमा पाँच कि. मी. टाढा मात्र ठाउँसारी गर्न अनुमति दिइनेछ ।

(ग) विश्वविद्यालयको आङ्गिक क्याम्पसमा सञ्चालन भएका कार्यक्रमहरूमात्र सम्बन्धन दिइनेछ ।तरसम्बन्धन समितिले सिफारिश गरेका नयाँ कार्यक्रम कार्यकारी परिषदले स्वीकृति दिन सक्ने छ । तर यसअघि कार्यकारी परिषद्को स्वीकृति लिई सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरिएअनुसार पेश भएका प्रस्तावहरूको हकमा यो व्यवस्था लागू हुने छैन ।

(घ) सम्बन्धन दिँदा विश्वविद्यालयको एउटै कार्यक्रम र तह सञ्चालन गर्ने सामुदायिक वा निजी क्याम्पसहरूबिचको दुरी काठमाडौं उपत्यका र उपमहानगरपालिकाभित्र एक किलोमिटर, अन्य नगरपालिकाभित्र तिन कि.मी. र गाउँपालिकाभित्र छ कि.मी.भन्दा बढी हुनुपर्नेछ । निजी तथा सामुदायिक क्याम्पसहरूले ठाउँसारी गर्न चाहेमा पनि सोहीबमोजिमको दुरी कायम गर्नु पर्नेछ । तर काठमाडौं उपत्यकाभित्र र उपमहानगरपालिकाभित्र सम्बन्धन दिँदा आङ्गिक क्याम्पसको हित प्रतिकूल नहुने गरी सम्बन्धन दिइनेछ ।

(ङ) भौगोलिक सन्तुलन मिलाई चिकित्साशास्त्र विषयमा एक प्रदेशमा दुई वटा, इन्जिनीयरिङ् विषयमा एक प्रदेशमा चार वटा, कृषि र वन विषयमा एक जिल्लामा एक वटा, विज्ञान तथा प्रविधि,होटेल तथा पर्यटन, बी.बी.ए.,बी.बी.एम. बी.आई.एम, बी.सी.ए. जस्ता विषयहरूमा एक निर्वाचन क्षेत्रमा तिन वटा भन्दा बढी सङ्ख्यामा सम्बन्धन दिइनेछैन ।

(च) क्याम्पसमा आवश्यक मात्रामा कम्प्युटर, प्रोजेक्टर, इन्टरनेटको व्यवस्था गर्नुपर्नेछ ।

(छ) सम्बन्धनका लागि पुरा गर्नुपर्ने तोकिएका मापदण्डबमोजिम सम्बन्धन लिन चाहने क्याम्पसको आफ्नै जग्गा र भवन हुनुपर्नेछ । सो नभएमा कम्तीमा पाँच बर्षभित्रमा आवश्यक जग्गा र सात बर्षभित्र भवन आफ्नो स्वामित्वमा हुनुपर्ने छ । हाल सञ्चालनमा रहेका क्याम्पसहरूको हकमा सात बर्षभित्रमा आवश्यक जग्गा र भवन क्याम्पसको स्वामित्वमा हुनुपर्ने छ ।

(ज) सम्बन्धन प्राप्त क्याम्पसहरूमध्ये चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने क्याम्पसहरूका लागि एम.बी.बी.एस. ⁄ बी.डी.एस.तर्फ विद्यार्थी भर्ना सङ्ख्या तोक्दा त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानको विद्यापरिषद्ले तय गरेका आधारहरूर नेपाल

मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल एवं फार्मेसी काउन्सिलको Accreditation Standard मा लेखिएका कुराहरूको आधारमा तोक्नेछ ।

(झ) इन्जिनियरिङ् अध्ययन संस्थानतर्फ सञ्चालित सम्बन्धन प्राप्त क्याम्पसहरूमा एक विषयमा प्रति कार्यक्रम (सिभिल, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, आर्किटेक्चर, कम्प्यूटर) मा बढीमा ९६ जना विद्यार्थी सङ्ख्या निर्धारण गरिनेछ । एउटा कक्षामा ४८ विद्यार्थी सङ्ख्याभन्दा बढी विद्यार्थी सङ्ख्या हुन नहुने, सो भन्दा बढी विद्यार्थी सङ्ख्या सञ्चालित क्याम्पसहरूभएमा यो विनियम लागू भएको तिन बर्ष भित्रमा सङ्ख्या कटौती गरी ९६ सङ्ख्या कायम गर्नुपर्नेछ। तर सिट संख्या न्यून भएका क्याम्पसहरूका हकमा सूचना प्रकाशित गरी कार्यान्वयनमा ल्याइनेछ। मापदण्ड पुरा गरेका कलेजलाई कम्तीमा चार विषयको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गरी स्वीकृति दिइनेछ । तर यसका लागि कार्यक्रम थपको सूचना प्रकाशित गरी प्रकृया पुरा गर्नुपर्नेछ ।

(ञ) वन विज्ञान, कृषि तथा पशु अध्ययन संस्थानतर्फ बढीमा ९६ जनाको विद्यार्थी भर्ना सङ्ख्यानिर्धारण गरिनेछ । एउटा कक्षामा ४८ भन्दा बढी विद्यार्थी सङ्ख्याहुने छैनन् । तर विगतमा कार्यान्वयनमा रहेका क्याम्पसहरूले पनि सिट थपका लागि प्रकृया पुरा गर्नुपर्नेछ ।

(ट) विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फ बी.एस्.सी.सिएस.आई.टी.मा बढीमा ७२ जना विद्यार्थीको सङ्ख्या निर्धारण गरिनेछ र एउटा कक्षामा ३६ भन्दा बढी विद्यार्थी सङ्ख्याहुने छैनन् । अन्य कार्यक्रमहरूमा बढीमा ९६ जना विद्यार्थी सङ्ख्या निर्धारण गरिनेछ र एउटा कक्षामा ४८ जना भन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैनन् ।

(ठ) व्यवस्थापन सङ्कायतर्फका कार्यक्रमहरूमा बी.बी.ए, बी.आई.एम, बी.टी.टी.एम, होटेल म्यानेजमेन्टमा विद्यार्थी सङ्ख्या बढीमा ९९हुने र एउटा कक्षामा ३३ भन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैनन्, बी.बी.एस.,बी.बी.एम्. कार्यक्रममा एउटा कक्षामा ४४ जना भन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैन । एम.बी.एस, एम.बी.ए, एम.बी.एम.र एम.पी.ए.तर्फ ४४ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैन ।

(ड) शिक्षा र मानविकीको एउटा कक्षामा ५० जना भन्दा बढी विद्यार्थी सङ्ख्याहुने छैनन् । तर कानुन सङ्कायतर्फको एल.एल.एम.मा ५० जनाको एक कक्षा, एल.एल.बी.मा एक कक्षमा ५० जनाको दरले बढीमा विद्यार्थी सङ्ख्या ३५० जनार बी.ए.एल.एल.बी.वा सो सरहको कार्यक्रममा एक कक्षामा ३५ जनाका दरले बढीमा विद्यार्थी सङ्ख्या १०५ निर्धारण गरिनेछ ।

(ढ) पहिले देखि नै सञ्चालन भइरहेको क्याम्पसहरूमा तोकिएको विद्यार्थी भर्ना सङ्ख्या तिन बर्षभित्र समायोजन गर्नुपर्ने छ ।

(ण) प्राविधिक कार्यक्रम सञ्चालन गर्न चाहने इच्छुक व्यक्ति वा संस्थाले नेपाल सरकारबाट लिनु पर्ने मनसाय पत्र लिनु पूर्व विश्वविद्यालयबाट उक्त कार्यक्रम सञ्चालन गर्नको लागि अनिवार्य रूपमा स्वीकृति लिनु पर्नेछ । तर पहिल्यै नै शिक्षा मन्त्रालयबाट मनसाय पत्र लिएका व्यक्ति वा संस्था अनुसूची १ (ङ) भित्र परेमा स्वीकृति दिन सकिने छ ।

(त) सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसको आर्थिक अवस्था मजबुत हुनुपर्नेछ, जसको लागि चिकित्साशास्त्रतर्फको प्रस्तावित क्याम्पसको खातामा कम्तीमा पच्चिस करोडरुपैयाँ,

इन्जिनियरिङतर्फको क्याम्पसको खातामापाँच करोडरुपैयाँ, वन र कृषितर्फको क्याम्पसको खातामा पचास लाख रुपैयाँ जम्मा भएको हुनुपर्नेछ ।

(थ) शिक्षाशास्त्र सङ्कायको हकमा शिक्षण अभ्यासको लागि चारवटा मा.वि. (कक्षा १२ समेत)को कक्षा उपलब्ध गराउने प्रतिबद्धता पत्र उपलब्ध गराउनु पर्नेछ ।

(द) यस विनियममा लेखिएका कुराहरूबाहेक अन्य शर्तहरू सम्बन्धित अध्ययन संस्थान/सङ्कायको विद्यापरिषद्ले तोकेबमोजिम हुनेछ ।

त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: १५८/०८२/०८३

भाद्र ३०, २०८२

श्री योजना निर्देशनालय,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं ।

विषय: निर्णय पठाईएको बारे ।

उपरोक्त विषयमा त्रि.वि.कार्यकारी परिषदको २०८२ भाद्र १४ गतेको बैठकको निर्णय नं. १०५ त्यस निर्देशनालय/कार्यालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाईएको बेहोरा अनुरोध छ । निर्णयसंग सम्वन्धित फाईल संलग्न छ/छैन ।

एमान सिंह बोहरा
प्रमुख

**निर्णय नं. १०५**

त्रिभुवन विश्वविद्यालय सम्बन्धन सम्बन्धी विनियम, २०७३ संशोधन गर्न आवश्यक भएकोले तपसिल अनुसार संशोधन गर्ने निर्णय गरियो ।

तपसिल:

| हालको कायम रहेको व्यवस्था | संसोधित व्यवस्था | संसोधनको कारण |
|---|---|---|
| परिच्छेद - ४ को दफा १२ मा बिषय, तह र बिद्यार्थी संख्या सम्बन्धी व्यबस्था (१), (२), (३) | सोहि परिच्छेदको दफा - १२ को (४) मा सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुमा बिषय, तह र बिद्यार्थी संख्या थप गर्दा मुल्याङ्कनका मापदण्ड अनुसुचि २ बमोजिम हुनेछ । | मुल्याङकन गर्दा बस्तुगत आधारमा गर्नु पर्ने हुनाले |

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

| | | |
|---|---|---|
| अनुसुची - १ रहेको | त्रिभुवन बिश्वबिद्यालय सम्बन्धन सम्बन्धी बिनियम, २०७३ मा अनुसुचि - २ थपिएको | मुल्याङ्कन गर्दा बस्तुगत आधार आवश्यक भएकाले |

**अनुसुचि - २**

सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूले नयाँ कार्यक्रम तथा विषय थप गर्न चाहेमा गुणस्तरियता र एकरुपताका लागी नयाँ कार्यक्रम तथा बिषय थपका लागि एकीकृत संख्यात्मक तथा प्राविधिक मापदण्ड देहाय बमोजिम हुने छन् ।

**एकीकृत संख्यात्मक तथा प्राविधिक मापदण्ड**

**१ भौतिक पुर्वाधार : १० अङ्क**

| जग्गा र भवनको स्वामित्व | | | कैफियत |
|---|---|---|---|
| क. | क्याम्पस/कलेजको आफ्नै नाममा जग्गा र भवन भएमा | १० अङ्क | |
| ख. | भाडाको जग्गामा निर्मित आफ्नो भवन भएमा | ७ अङ्क | |
| ग. | जग्गा र भवन भाडामा भएमा | ५ अङ्क | |

**२ भवन भित्रको पूर्वाधार : ४० अङ्क**

**२.१ प्रशासनिक भवन /ब्लकका लागि: ५ अङ्क**

| प्रशासनिक भवन/ब्लकको लागि (५ अङ्क) | | सम्पन्न अबस्था भएमा (१ अङ्क ) | निर्माणाधिन अबस्था भएमा (०.५ अङ्क) | कैफियत |
|---|---|---|---|---|
| क. | प्राचार्यको कार्यालय (१००-१५० बर्ग फिट) | | | |
| ख. | लेखा र कर्मचारी प्रशासन शाखा (१००-२०० बर्ग फिट) | | | |
| ग. | शैक्षिक प्रशासन शाखा (१००-१५० बर्ग फिट) | | | |
| घ. | शौचालय, (महिला-१, पुरुष-१) | | | |
| ङ.. | सुरक्षा गार्ड पोष्ट (३०-५० बर्ग फिट) | | | |

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

**२.२ शैक्षिक भवन /ब्लक: १० अङ्क**

| शैक्षिक भवन/ ब्लक: १० अङ्क | | सम्पन्न अवस्था भएमा (१ अङ्क) | निर्माणाधिन अवस्था भएमा (०.५ अङ्क ) | कैफियत |
|---|---|---|---|---|
| क. | कक्षा कोठा, १ (५०० वर्ग फिट) | | | |
| ख. | कक्षा कोठा, २ (५०० वर्ग फिट) | | | |
| ग. | कक्षा कोठा, ३ (५०० वर्ग फिट | | | |
| घ. | कक्षा कोठा, ४ (५०० वर्ग फिट | | | |
| ङ.. | शिक्षक कक्ष (१५०-२०० वर्ग फिट | | | |
| च. | शिक्षक क्याविन (५ वटा) | | | |
| छ. | परामर्श कोठा (१००-१५० वर्ग फिट) | | | |
| ज. | सेमिनार हल (७०० वर्ग फिट) | | | |
| झ. | शौचालय (न्यूनतम ४, महिला २ र पुरुष २) | | | |
| ञ. | पिउने पानीको व्यवस्था | | | |

**२.३ प्रयोगशाला भवन: १० अङ्क**

| (क) साधारण वा विशिष्टीकृत विषयगत प्रयोगशाला मध्ये कुनै एक | | |
|---|---|---|
| क.१ | कम्प्युटर प्रयोगशाला (न्यूनतम ५०० वर्ग फीट) | २ |
| क.२ | फर्निचर र कम्प्युटर (३६सेट) | २ |
| क.३ | ईन्टरनेट सुविधा | २ |
| क.४ | पावर ब्याकअप | २ |
| क.५ | मल्टीमिडिया भएको कोठा | २ |
| (ख) प्राविधिक विषयका प्रयोगशाला मापदण्ड १० अङ्क ( (सम्बन्धित डिन कार्यालयले विषयगत प्रयोगशाला मापदण्ड तोक्ने) | | |

सम्बन्धित विषयको आवश्यकता अनुसार 'क' वा 'ख' मध्ये कुनै एक मापदण्ड मात्र लागू हुनेछ ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## २.४ पुस्तकालय भवन र ब्लक : ५ अङ्क

| पुस्तकालय भवन र ब्लक: ५ अङ्क | | |
|---|---|---|
| क. | पाठ्यपुस्तक र पत्रिका शाखा | ०.५+०.५ |
| ख. | निगमन काउण्टर र सन्दर्भ शाखा | ०.५+०.५ |
| ग. | लाइब्रेरियन क्याविन र ई-लाईब्रेरी कोठा | ०.५+०.५ |
| घ. | अध्ययन शाखा र प्राविधिक शाखा | ०.५+०.५ |
| ङ.. | सि.सि.टि.भी. | ०.५ |
| च. | शौचालय | ०.५ |

## २.५ चमेना गृह /ब्लक: ५ अङ्क

| चमेना गृह : ५ अङ्क | | |
|---|---|---|
| क. | भान्छा कोठा | १ |
| ख. | डाइनिङ हल | २ |
| ग. | भण्डार कोठा | १ |
| घ. | शौचालय | १ |

## २.६ विधार्थी काउन्सिल/विधार्थी युनियन : १ अङ्क

| विधार्थी काउन्सिल/विधार्थी युनियन : १ अङ्क | | |
|---|---|---|
| | विधार्थी काउन्सिल स्व.बि.यु. को लागि कोठा | १ |

## २.७ खेलकुद पूर्वाधार: ४ अङ्क

| खेलकुदको व्यवस्था: ४ अङ्क | | |
|---|---|---|
| १. | टेबुल टेनिस र ब्याडमिन्टन | ०.५+०.५ |
| २. | भलिबल र बास्केटबल | ०.५+०.५ |
| ३. | फुटबल | १ |
| ४. | क्रिकेट | १ |

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## ३ मानव संशाधनः २५ अङ्क

३.१. सम्बन्धित विषय अध्यापन गर्ने पूर्णकालिन शिक्षक सङ्ख्याः ५ अङ्क रहने छ (पहिलो वर्षका लागि कम्तिमा ५ जना पूर्णकालिन शिक्षक सङ्ख्यालाई सत प्रतिशतको आधार मानिने छ)

| | | |
|---|---|---|
| क. | ५ जना पूर्णकालिन शिक्षक भएमा | ५ |
| ख. | ४ जना पूर्णकालिन शिक्षक भएमा | ४ |
| ग. | ३ जना पूर्णकालिन शिक्षक भएमा | ३ |
| घ. | २ जना पूर्णकालिन शिक्षक भएममा | २ |
| ङ. | १ जना पूर्णकालिन शिक्षक भएमा | १ |

**३.२ शैक्षिक योग्यता स्नातकोत्तर तहका आधारमा सम्बन्धित विषयका शिक्षक संख्याको प्रतिशतः ५ अङ्क**

| | | |
|---|---|---|
| क. | कूल कार्यरत शिक्षकको ५० प्रतिशतभन्दा बढी सङ्ख्या विशिष्ट श्रेणीमा (वा सो सरह) उत्तीर्ण गरेका शिक्षक भएमा | ५ |
| ख. | कूल कार्यरत शिक्षकको ५० प्रतिशतभन्दा बढी सङ्ख्या प्रथम श्रेणीमा (वा सो सरह) उत्तीर्ण गरेका शिक्षक भएमा | ३ |
| ग. | कूल कार्यरत शिक्षकको ५० प्रतिशतभन्दा बढी सङ्ख्या द्वितिय श्रेणीमा (वा सो सरह) उत्तीर्ण गरेका शिक्षक भएमा | २ |

**३.३ सम्बन्धित विषयमा विद्यावारिधि (Ph.D) योग्यता भएका कार्यरत शिक्षकहरु सम्वन्धमा : ३ अङ्क**

| | | |
|---|---|---|
| क. | विद्यावारिधि योग्यता भएका कम्तिमा ३ शिक्षक भएमा | ३ |
| ख. | विद्यावारिधि योग्यता भएका कम्तिमा २ शिक्षक भएमा | २ |
| ग. | विद्यावारिधि योग्यता भएका कम्तिमा १ शिक्षक भएमा | १ |

**३.४ सम्बन्धित विषयमा दर्शनाचार्य (M.Phil.) योग्यता भएका कार्यरत शिक्षकहरुको सङ्ख्याः २ अङ्क**

| | | |
|---|---|---|
| क. | दर्शनाचार्य योग्यता भएका कम्तिमा २ शिक्षक भएमा | २ |
| ख. | दर्शनाचार्य योग्यता भएका कम्तिमा १ शिक्षक भएमा | १ |

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

३.५ सम्बन्धित विषयका कार्यरत शिक्षकहरुको शिक्षण अनुभव : ५ अङ्क

| | | |
|---|---|---|
| क. | ५० प्रतिशत शिक्षकहरुको ५ वर्ष भन्दा बढीको शिक्षण अनुभव भएमा | ५ |
| ख. | ५० प्रतिशत शिक्षकहरुको ३ वर्ष भन्दा बढीको शिक्षण अनुभव भएमा | ३ |
| ग. | ५० प्रतिशत शिक्षकहरुको २ वर्ष भन्दा बढीको शिक्षण अनुभव भएमा | २ |

३.६ पूर्णकालिन शिक्षकहरुको अनुसन्धान अनुभव : ३ अङ्क

| | | |
|---|---|---|
| क. | ५० प्रतिशत भन्दा माथी शिक्षकहरुले Nepjol Star Rated या सो भन्दा माथिल्लो स्तरका Peer Reviewed जर्नलमा लेख प्रकाशित गरेमा | ३ |
| ख. | ५० प्रतिशत भन्दा माथि शिक्षकहरुले कम्तिमा Nepjol मा सुचिकृत Peer Reviewed जर्नलमा लेख प्रकाशित गरेमा | २ |

३.७ सम्बन्धित कलेजका कर्मचारीहरुको तह : २ अङ्क

| | | |
|---|---|---|
| क. | २ जना अधिकृत स्तरका प्रशासनिक कर्मचारीहरु भएमा | २ |
| ख. | १ जना अधिकृत स्तरका प्रशासनिक कर्मचारी भएमा | १ |

४. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन २० अङ्क

(क)

| | | |
|---|---|---|
| क. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत भई समय सीमा भित्र रहेका | २० |
| ख. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत प्रयोजनका लागि PRT Visit भई सकेका | १५ |
| ग. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत हुने प्रयोजनका लागि SSR बुझाएका | १० |
| घ. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत हुने प्रयोजनका लागि LOI लिएका | ५ |

**अथवा**

दोश्रो वा तेश्रो वा चौथो चक्र प्रवेश गर्नेहरुको लागि

(ख)

| | | |
|---|---|---|
| क. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत भई समय सीमा भित्र रहेका | २० |
| ख. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत प्रयोजनका लागि PRT Visit भई सकेका | १८ |
| ग. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत हुने प्रयोजनका लागि SSR बुझाएका | १६ |
| घ. | गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत हुने प्रयोजनका लागि LOI लिएका | १५ |

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

नोट: नेपाल सरकारले राजपत्रमा दुर्गम जिल्ला भनेर परिभाषित गरेका जिल्लास्थित कलेजहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यानकृत भई समय सीमा भित्र रहेका कलेज सरह अङ्क दिइनेछ ।

**५. सम्बन्धित कलेजको बैधानिक अवस्था /किसिम :५ अङ्क**

| | | |
|---|---|---|
| क. | कलेज सामुदायीक/गुठी भएमा | ५ |
| ख. | कलेज सहकारी भएमा | ३ |
| ग. | कलेज नीजि वा कम्पनी भएमा | २ |

**आवश्यक न्यूनतम स्तर : १०० अङ्कको मूल्याङ्कनमा न्यूनतम ६० अङ्क प्राप्त गर्नुपर्नेछ ।**

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय